आज मिति २०८३ असार २४ गते बुधवार यस कटारी नगरपालिकाको १७ औ नगरसभा नगर प्रमुख तथा सभाअध्यक्ष श्री राजेशचन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी सम्पन्न गरियो।

| सि. न. | नाम थर | पद | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | श्री राजेश चन्द्र श्रेष्ठ | प्रमुख | | |
| २ | श्री गिता खड्का | उपप्रमुख | | |
| ३ | श्री पदम लाल मगर | नगरसभा सदस्य | | |
| ४ | श्री देवी कुमारी धिमिरे | नगरसभा सदस्य | | |
| ५ | श्री मैया रसाइली | नगरसभा सदस्य | मैया | |
| ६ | श्री धन विर तामाङ्ग | नगरसभा सदस्य | | |
| ७ | श्री लाल बहादुर विश्वकर्मा | नगरसभा सदस्य | | |
| ८ | श्री प्रेम बहादुर क्षेत्री | नगरसभा सदस्य | | |
| ९ | श्री साबित्रा कार्की | नगरसभा सदस्य | | |
| १० | श्री सुना परियार | नगरसभा सदस्य | सुना | |
| ११ | श्री विष्णु कटुवाल | नगरसभा सदस्य | | |
| १२ | श्री राम प्रसाद गौतम | नगरसभा सदस्य | | |
| १३ | श्री पुस्कर खड्का | नगरसभा सदस्य | | |
| १४ | श्री भगवती अधिकारी | नगरसभा सदस्य | | |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री पदम कुमारी विश्वकर्मा | नगरसभा सदस्य | | |
| १६ | श्री युवराज अधिकारी | नगरसभा सदस्य | | |
| १७ | श्री पप्पु खाँ | नगरसभा सदस्य | | |
| १८ | श्री भूपेन्द्र सिंह तामाङ्ग | नगरसभा सदस्य | | |
| १९ | श्री चन्द्र माया खड्का | नगरसभा सदस्य | | |
| २० | श्री सरस्वती वि.क. | नगरसभा सदस्य | | |
| २१ | श्री लक्ष्मी थापामगर | नगरसभा सदस्य | | |
| २२ | श्री जिव राज थापा | नगरसभा सदस्य | | |
| २३ | श्री मोहन बहादुर तामाङ्ग | नगरसभा सदस्य | | |
| २४ | श्री युवा पोखरेल | नगरसभा सदस्य | | |
| २५ | श्री खरि माया बिश्वकर्मा | नगरसभा सदस्य | | |
| २६ | श्री राम हरि कुमर दनुवार | नगरसभा सदस्य | | |
| २७ | श्री मदन बहादुर बस्नेत | नगरसभा सदस्य | | |
| २८ | श्री प्रेम बहादुर मगर | नगरसभा सदस्य | | |
| २९ | श्री मेलिना श्रेष्ठ | नगरसभा सदस्य | | |
| ३० | श्री अम्विका कुमारी नेपाली | नगरसभा सदस्य | | |
| ३१ | श्री अम्बर बहादुर जर्घा मगर | नगरसभा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | श्री यम कुमार धिमाल | नगरसभा सदस्य | | |
| ३३ | श्री सुविन ढुंगाना | नगरसभा सदस्य | | |
| ३४ | श्री टेन कुमारी राई | नगरसभा सदस्य | | |
| ३५ | श्री रिता कुमारी लाखे | नगरसभा सदस्य | | |
| ३६ | श्री राज दनुवार | नगरसभा सदस्य | | |
| ३७ | श्री नविन कुमार दनुवार | नगरसभा सदस्य | | |
| ३८ | श्री नविन्द्र कुमार तामाङ | नगरसभा सदस्य | | |
| ३९ | श्री प्रेम माया राना मगर | नगरसभा सदस्य | | |
| ४० | श्री गोमा कुमारी तामाङ्ग | नगरसभा सदस्य | | |
| ४१ | श्री लिल बहादुर राउत | नगरसभा सदस्य | | |
| ४२ | श्री ईन्द्र बहादुर थापा | नगरसभा सदस्य | | |
| ४३ | श्री वेग बहादुर आलेमगर | नगरसभा सदस्य | | |
| ४४ | श्री निरमाला खसरी मगर | नगरसभा सदस्य | | |
| ४५ | श्री सिता कुमारी सार्की | नगरसभा सदस्य | | |
| ४६ | श्री खम्ब सिँ थापा मगर | नगरसभा सदस्य | | |
| ४७ | श्री चक्र बहादुर कार्की | नगरसभा सदस्य | | |
| ४८ | श्री क्षेत्र बहादुर खड्का | नगरसभा सदस्य | | |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

| | | | | |
|---|---|---|---|---|
| ४९ | श्री गिता कुमारी गिरी | नगरसभा सदस्य | | |
| ५० | श्री तेज कुमारी बि.क. | नगरसभा सदस्य | | |
| ५१ | श्री अमृत बहादुर सुनुवार | नगरसभा सदस्य | | |
| ५२ | श्री गणेश बहादुर श्रेष्ठ | नगरसभा सदस्य | | |
| ५३ | श्री अनन्त हायु | नगरसभा सदस्य | | |
| ५४ | श्री बाल कुमारी राउत | नगरसभा सदस्य | | |
| ५५ | श्री कल्पना नेपाली | नगरसभा सदस्य | | |
| ५६ | श्री थिर बहादुर सुनुवार | नगरसभा सदस्य | | |
| ५७ | श्री कृष्ण बहादुर राना मगर | नगरसभा सदस्य | | |
| ५८ | श्री यम्बर बहादुर कटुवाल | नगरसभा सदस्य | | |
| ५९ | श्री लिला कुमारी कटुवाल कार्की | नगरसभा सदस्य | | |
| ६० | श्री मन्जु वि.क. | नगरसभा सदस्य | | |
| ६१ | श्री धर्म ध्वज कार्की | नगरसभा सदस्य | | |
| ६२ | श्री तोक बहादुर खत्रि | नगरसभा सदस्य | | |
| ६३ | श्री शम्भु श्रेष्ठ | नगरसभा सदस्य | | |
| ६४ | श्री सम्झना मुरी मगर | नगरसभा सदस्य | | |
| ६५ | श्री चन्द्र कुमारी कामी | नगरसभा सदस्य | | |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ६६ | श्री बिनोद श्रेष्ठ | नगरसभा सदस्य | | |
| ६७ | श्री भक्त बहादुर श्रेष्ठ | नगरसभा सदस्य | | |
| ६८ | श्री अम्बर बहादुर मगर | नगरसभा सदस्य | | |
| ६९ | श्री चन्द्री माया खत्री | नगरसभा सदस्य | | |
| ७० | श्री मंगली माया कमिनी | नगरसभा सदस्य | | |
| ७१ | श्री पृथि बहादुर लुङ्गेली मगर | नगरसभा सदस्य | | |
| ७२ | श्री शम्भु कुमार राई | नगरसभा सदस्य | | |
| ७३ | श्री हेम कुमारी वि क | नगरसभा सदस्य | | |
| ७४ | श्री जितेन्द्र बराईली | नगरसभा सदस्य | | |
| ७५ | श्री मन्जु कुमारी राई दनुवार | नगरसभा सदस्य | | |
| ७६ | श्री राजन थापा | सदस्य-सचिव | | |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

मिति २०८३ असार २४ गते बिहीबार बसेको कटारी नगरपालिकाको १७ औं नगरसभाको बैठकको प्रस्ताव र निर्णयहरूः

<u>प्रस्तावहरूः</u>

१. आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा।
२. आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।
३. कटारी नगरपालिकाको आर्थिक विधेयक, २०८३ सम्बन्धमा ।
४. कटारी नगरपालिकाको विनियोजन विधेयक, २०८३ सम्बन्धमा ।
५. महालेखा परीक्षकको कार्यालयले औल्याएको बेरुजु सम्बन्धमा ।
   ५.१- आ.व. २०७४/७५ देखि आ.व. २०८१/८२ सम्म महालेखा परिक्षकबाट औल्याइएको बेरुजू सम्परीक्षण सम्बन्धमा ।
   ५.२- आ.व. २०७४/७५ देखि आ.व. २०८१/८२ सम्म महालेखा परिक्षकबाट औल्याइएको नियमित गर्नुपर्ने बेरुजू सम्बन्धमा ।
   ५.३- आ.व. २०७४/७५ देखि आ.व. २०८१/८२ सम्म महालेखापरीक्षकको कार्यालयबाट औल्याइएको असुल उपर गर्नुपर्ने बेरुजू सम्बन्धमा ।
   ५.४- आ.व. २०७४/७५ देखि आ.व. २०८१/८२ सम्म महालेखापरीक्षकको कार्यालयबाट औल्याइएको प्रमाण पेश गर्नुपर्ने बेरुजू सम्बन्धमा ।
   ५.५- आ.व. २०७४/७५ देखि आ.व. २०८१/८२ सम्म महालेखापरीक्षकको कार्यालयबाट औल्याइएको पेश्की बेरुजू सम्बन्धमा ।
६. आ.व. २०८२/०८३ को खर्च अनुमोदन सम्बन्धमा ।
७. विविध ।

<u>निर्णयहरूः</u>

*<u>निर्णय नं.-१ :-</u>* कटारी नगरपालिका, नगरकार्यपालिकाको मिति २०८३/०२/२५ गतेको बैठकबाट पेश भए बमोजिमको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

*<u>निर्णय नं.- २:-</u>* कटारी नगरपालिका, नगरकार्यपालिकाको मिति २०८३/०२/२५ गतेको बैठकबाट पेश भए बमोजिमको चालु आर्थिक वर्ष २०८२/०८३ को सम्पूर्ण व्यय र आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम अर्न्तगतको नगरपालिकास्तरीय, विषयगत शाखास्तरीय र वडास्तरीय विनियोजन र प्रस्तावित कार्यक्रम सर्वसम्मतले स्वीकृत निर्णय गर्ने गरियो ।

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

*निर्णय नं.- ३:-* कटारी नगरपालिका, नगरकार्यपालिकाको मिति २०८२/०२/२५ गतेको बैठकबाट पेश भए बमोजिमको आगामी आर्थिक वर्ष २०८३/०८४ को कटारी नगरपालिकाको आर्थिक विधेयक, २०८३ माथि छलफल गरी सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

## कटारी नगरपालिकाको आर्थिक ऐन, २०८३

प्रस्तावनाः
कटारी नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आयको संकलन प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधान (२०७२) को धारा २२८ को उपधारा (२) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) बमोजिम यो ऐन बनाइएको छ ।

संक्षिप्त नाम र प्रारम्भः यस ऐनको नाम "कटारी नगरपालिकाको आर्थिक ऐन, २०८३" रहनेछ, यी दरहरू मिति २०८३ श्रावण १ गते देखि लागु भई मिति २०८४ साल असार मसान्तसम्म कटारी नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

(१) सम्पति करः कटारी नगरपालिका क्षेत्र भित्र रहेका घर र घर जग्गामा अनुसूची- (१) बमोजिम आ.व. २०८३/८४ मा सम्पति कर असुल गरिनेछ ।

(२) भूमिकर (मालपोत): कटारी नगरपालिका क्षेत्र भित्र जग्गा र घर नभएका जग्गामा अनुसूची- (२) बमोजिम आ.व. २०८३/८४ मा भूमिकर (मालपोत) असुल उपर गरिनेछ ।

(३) घर जग्गा बहाल करः कटारी नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति, संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिंक बहालको आम्दानीमा नगर क्षेत्रमा कलष्टर बनाई न्यूनतम मुल्य कायम अनुसूची- (३) बमोजिम बहाल कर लगाइनेछ ।

(४) व्यवसाय करः कटारी नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय, वा सेवामा अनुसूची- (४) बमोजिम आ.व. २०८३/८४ मा व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

(५) सवारी साधन करः कटारी नगरपालिकामा क्षेत्र भित्र साना सवारी साधनहरूको अनुसूची- (५) बमोजिम सवारी कर लगाइने र असुल गरिनेछ ।

(६) विज्ञापन करः कटारी नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची- (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

(७) घर नक्सा पासः कटारी नगरपालिकामा क्षेत्र भित्र निर्माण भएका भवनहरूको अनुसूची- (७) बमोजिम घर नक्सा पास दस्तुर लगाइने र असुल गरिनेछ ।

(८) जडिबुटी, कवाडी करः कटारी नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, कवाडीमाल र निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुहरूको हाड, सिङ्ग, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरे बापत अनूसुची (८) बमोजिमको कर लगाएर असुल उपर गरिन्छ ।

(९) मनोरञ्जन करः कटारी नगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरी जुनसुकै प्रकारको मनोरञ्जन व्यवसाय अनुसूची- (९) बमोजिम मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

(१०) बिक्री गर्न सक्नेः कटारी नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरण परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी दहत्तर बहत्तर आदिबाट अनुसूची-(१०) शुल्क लगाई रकम असुल गरिनेछ ।

(११) सामुदायिक वनबाट आय प्राप्त गर्नेः कटारी नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकामा पेश गर्नुपर्नेछ र बिक्री वन पैदावरको बिक्री वापतको रकम १० प्रतिशत रकम कटारी नगरपालिकाको खातामा अनुसूची- ११ बमोजिम जम्मा गर्नुपर्नेछ ।

(१२) सवारी पार्किङ्ग शुल्कः कटारी नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत अनुसूची- (१२) अनुसार सवारी पार्किङ्ग शुल्क लगाई असुल उपर गरिनेछ ।

(१३) कर छुट/ मिनाहाः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई विगतमा व्यवसाय दर्ता गरी नवीकरण नगरेका व्यवसायीहरू र भवन अभिलेखिकरण नगरेका घरधनीहरुलाई अनुसूची- १३ बमोजिम कर र जरिवाना छुट/ मिनाहा दिईनेछ ।

(१४) फोहोरमैला व्यवस्थापनः कटारी नगरपालिकाले स्वच्छ र सुन्दर नगर बनाउन सरसफाई तथा फोहोरमैला व्यवस्थापन गर्न अनुसूची अनुसूची - (१४) मा उल्लेख दररेट बमोजिम आन्तरिक आय संकलन गर्नेछ ।

(१५) अन्य सेवा शुल्क तथा बिक्रीः कटारी नगरभित्रकाले स्थानीय प्राकृतिक स्रोतको बिक्री गर्दा अनुसूची- (१५) मा उल्लिखित दररेट बमोजिम आन्तरिक आय संकलन गर्नेछ ।

(१६) प्रदुषण नियन्त्रण शुल्कः कटारी नगरपालिकाले नगर क्षेत्रभित्र प्रदुषण नियन्त्रण गर्न अनुसूची- (१६) मा उल्लिखित दररेट बमोजिम प्रदुषण नियन्त्रण शुल्क संकलन गर्नेछ ।

१७) सरकारी सम्पतिको बहालबाट प्राप्त आयः नगरपालिकाले सरकारी सम्पत्ति भाडा प्रयोजनमा उपलब्ध गराईएको सेवामा अन्य कार्यालय वा सेवाग्राहीबाट अनुसूची- (१७) मा उल्लिखित दररेट बमोजिम शुल्क लगाईने छ ।

(१८) कर तथा शुल्क संकलनः कटारी नगरपालिकाले कर तथा सेवा शुल्क, दस्तुर तपसिल बमोजिमका कर, सिफारिस र सेवा शुल्कका आधारमा अनुसूची- (१८) मा उल्लिखित दररेट बमोजिम आन्तरिक आय संकलन गर्नेछ ।

(१९) पशु सेवा शाखाबाट हुने सेवाको शुल्कः कटारी नगरपालिकाको पशु सेवा शाखाबाट प्रवाह हुने सेवाका आधारमा अनुसूची-१९ मा उल्लेख दररेट बमोजिम आन्तरिक आय संकलन गरिनेछ ।

*निर्णय नं.- ४:-* कटारी नगरपालिका, नगरकार्यपालिकाको मिति २०८३/०२/२५ गतेको बैठकबाट पेश भए बमोजिमको आगामी आर्थिक वर्ष २०८३/०८४ को कटारी नगरपालिकाको विनियोजन विधेयक, २०८३ माथि छलफल गरी सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः

प्रस्ताव नं. ५ का निर्णयहरु

प्रस्ताव नं. ५.१ कटारी नगरपालिकाको आ.व. २०७४/७५ देखि २०८१/८२ सम्मका श्रेष्ताहरुको अन्तिम लेखापरीक्षण हुँदा महालेखापरीक्षकको कार्यालयबाट कायम भएको कटारी नगरपालिकाको नियमित गर्नुपर्ने संलग्न अनुसूची १३ बमोजिमका बेरुजूहरुको सम्बन्धमा नगरपालिकाको तर्फबाट सम्परीक्षणका लागि उल्लेख भएको व्यहोरा, प्रतिकृया खोली सम्परीक्षणका लागि लेखा समितिबाट मिति २०८३/०२/२२ गते सिफारिस भई आए बमोजिमका बेरुजूहरुबाट सरकारलाई कुनै हानी नोक्सानी भएको नदेखिएको र प्रतिकृयामा उल्लेख भए बमोजिम पुन यस प्रकारका कार्यहरु नदोहोर्याउने प्रतिबद्धता सहित सम्परीक्षण गर्ने निर्णय गरियो । साथै सम्परीक्षण भएका नियमित गर्नुपर्ने बेरुजूहरुको लगत कट्टाको लागि महालेखापरीक्षकको कार्यालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. ५.२ नियमित गर्नुपर्ने बेरुजु सम्बन्धमा भएका निर्णयहरुः

प्रस्ताव नं. ५.२.१ माथि छलफल गर्दा आ.व. २०७४/०७५ को दफा २० मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट कर्मचारीहरुको अतिरिक्त सुविधा वापत औंल्याइएको अनियमित बेरुजू रकम रु. ४,९२,८१३।३२ मिति २०७४ भाद्र २० गते बसेको नगर सभाको निर्णय अनुसार लेखा समितिको निर्णय नं.३ बमोजिम उक्त बेरुजु नियमितका लागि महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५.२.२ माथि छलफल गर्दा आ.व. २०७४/०७५ को दफा २७.४ मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट उपभोक्ता समितिले हेभी उपकरण मेशिन प्रयोग गरेको कार्यलाई अनियमित भनी औंल्याइएको बेरुजू रकम रु. ४,१५,२४,६४४.७ नगरपालिकाको भौगोलिक जटिलता र नागरिकको सहजताको लागि लागत कम हुने भएकोले अब उप्रान्त प्राविधिक शाखाको पूर्व सहमति लिई यस्ता जटिल प्रकृतिका कामहरु गर्ने भनी लेखा समितिको निर्णय नं ३ अनुसार आगामी वर्षमा नदोहोरिन प्रतिबद्धता सहित महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५.२.३ माथि छलफल गर्दा लेखा समितिको मिति २०८३/०२/२२ गतेको निर्णय अनुसार दफा ३४ मा आ.व. २०७४/०७५ को बेरुजू रकम रु. १६,२२,८००।– दफा ८६ मा आ.व. २०८१/८२ को बेरुजू रकम रु . ८२८२६६। अब उपरान्त यस्ता प्रकृतिका कार्य गर्दा नगरसभाबाट अनुमोदन कार्यपालिकाबाट संशोधन

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

गरेर मात्र कार्यान्वयन गर्ने पुन नदोहोरिने प्रतिबद्धता सहित महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं. ५.२.४</u> माथि छलफल गर्दा आ.व. २०७४/०७५ को दफा ७३ मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट विविध खर्चको रकम भुक्तानीमा स्थायी लेखा नम्बर विल बेगर विकास चिया पसललाई भुक्तानी गरेको भनी औंल्याइएको अनियमित बेरुजू रकम रु. २०,७९०।— अब उपरान्त यस्ता प्रकृतिका विजक जारी भएमा मात्र भुक्तानी गर्ने भनी लेखा समितिको निर्णय नं.३ अनुसार महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं. ५.२.५</u> माथि छलफल गर्दा आ.व. २०७४/०७५ को दफा ११७ मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट कार्यालयले खर्च गरेको रकम फरक खर्च शीर्षकबाट भुक्तानी दिएको भनी औंल्याइएको अनियमित बेरुजू रकम रु. ६०,००५।— अब उपरान्त यस्ता प्रकृतिका कार्य नगरसभाबाट अनुमोदन वा संशोधन गरेर मात्र कार्यान्वयन गर्ने भनी लेखा समितिको निर्णय नं.३ अनुसार महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं. ५.२.६</u> माथि छलफल गर्दा आ.व. २०७४/०७५ को ११८ दफामा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट फोहोर व्यवस्थापन फिल्ड साईड निर्माण गर्दा २० हजार माथिका कारोबार VAT विल जारी नगरी भुक्तानी गरेको भनी औंल्याइएको अनियमित बेरुजू रकम रु. ९१,२९१।— अव उपरान्त २० हजार भन्दा बढीको विल भुक्तानीका लागि पेश भएमा भुक्तानी नदिने वा भ्याट विल जारी गरेर मात्र भुक्तानी दिने भनी लेखा समितिको निर्णय नं.३ अनुसार पून नदोहोरिने प्रतिबद्धता सहित महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं. ५.२.७</u> माथि छलफल गर्दा आ.व. २०७५/०७६ को दफा २२ मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट सवारी मर्मत चालक कुल बहादुर विकले सोधभर्ना भुक्तानी लिएको भनी औंल्याइएको अनियमित वेरुजू रकम रु. ५७,३५५।— अब उपरान्त यस्ता प्रकृतिका खर्चलाई भुक्तानी गर्दा पार्टी भुक्तानी गर्ने भनी लेखा समितिको निर्णय नं.३ अनुसार आगामी वर्षमा नदोहोरिन प्रतिबद्धता सहित कायम भएको बेरुजू महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं. ५.२.८</u> माथि छलफल गर्दा आ.व. २०७६/०७७ को दफा ३२ मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट भोर्ले तल्लो खानेपानी योजना उपभोक्ता समितिबाट सोलार

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल

प्यानल प्रतिस्पर्धा बेगर खरिद गरेको भनी औंल्याइएको अनियमित बेरुजू रकम रु. ११,३६,०००।— अब उपरान्त यस्ता प्रकृतिका योजनालाई खुला प्रतिस्पर्धाका आधारमा मात्र खरिद प्रकृया अगाडी बढाउने भनी लेखा समितिको निर्णय नं.३ अनुसार आगामी वर्षमा नदोहोरिन्न प्रतिबद्धता सहित महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५.२.९ माथि छलफल गर्दा आ.व. २०७६/०७७ को दफा ४८ मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट पूर्वस्वीकृती बेगर कार्य अमानतबाट गरेको भनी औंल्याइएको अनियमित बेरुजू रकम रु. २,००,०००।— अब उपरान्त यस्ता प्रकृतिका कार्यलाई कार्यालयबाट पूर्व स्वीकृती लिई अमानतबाट नगरी उपभोक्ता समिति वा अन्य विधिबाट कार्य गर्ने भनी लेखा समितिको निर्णय नं.३ अनुसार आगामी वर्षमा नदोहोरिन प्रतिबद्धता सहित महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५.२.१० माथि छलफल गर्दा आ.व. २०७६/०७७ को दफा ५१ मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट लागत अनुमान तयार नगरि टुक्रा खरिद गरेको भनी औंल्याइएको अनियमित बेरुजू रकम रु. २०,०३,९१०।— आगामी वर्ष लागत अनुमान तयार गरी प्रतिस्पर्धामा गई सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद प्रकृया अनुसार आगामी वर्ष गर्ने भनी लेखा समितिको निर्णय नं.३ अनुसार आगामी वर्षमा नदोहोरिने प्रतिबद्धता सहित महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५.२.११ माथि छलफल गर्दा आ.व. २०७६/०७७ को दफा ५३ मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट उपभोक्ता समितिले गर्नुपर्ने काम निर्माण व्यवसायीबाट गराएको भनी औंल्याइएको बेरुजू रकम रु. १,९९,५५,४१८।- आगामी वर्ष यस्ता प्रकृतिका काम उपभोक्ता समिति मार्फत गर्ने प्रतिबद्धता सहित लेखा समितिको निर्णय नं.३ अनुसार आगामी वर्षमा नदोहोरिने प्रतिबद्धता सहित महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५.२.१२ माथि छलफल गर्दा आ.व. २०७६/०७७ को दफा ६६ मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट धरौटीको नगदी नकाटेको र व्यक्तिगत खाता नराखी कार्यालयले धरौटी फिर्ता गरेको भनी औंल्याइएको अनियमित बेरुजू रकम रु. ७५,५५,७४४।—नगरपालिकाले आ.व. २०७६/७७ देखि आ.व. २०८१/८२ सम्म सुत्र प्रणाली अन्तर्गत रहि व्यक्तिगत धरौटी खाता राखी समायावधि पुगेको फिर्ता गर्नुपर्ने रकम सुत्र

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७२

प्रणालीबाट नै फिर्ता गर्ने गरेको हुँदा लेखा समितिको निर्णय नं.३ अनुसार महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं. ५.२.१३</u> माथि छलफल गर्दा आ.व. २०७७/०७८ को दफा ५८ मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट करार कर्मचारीहरुको महङ्गी भत्ता वापतको रकम अनियमित भनी औल्याइएको बेरुजू रकम रु. १,६८,०००।- नगरपालिकाको कार्यको चाप तथा नागरिकको सेवा प्रवाहमा सहजता ल्याउनका लागि करारमा कार्यरत केही कर्मचारीलाई उत्प्रेरणा स्वरुप नगरपालिकाले आन्तरिक श्रोतबाट महङ्गी भत्ता उपलब्ध गराएकोले लेखा समितिको निर्णय नं.३ अनुसार महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं. ५.२.१४</u> माथि छलफल गर्दा आ.व. २०७७/०७८ को दफा ६६ मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट पालिकाले सफ्टवेयर खरिद गर्दा सूचना प्रविधि विभागबाट स्वीकृत गराई खरिद गरिनु पर्नेमा पालिकाले स्वीकृत नगराई सफ्टवेयर खरिद गरेको भनी औल्याइएको बेरुजू रकम रु. १६,११,९३७।— पालिकाले आगामी वर्ष सूचना प्रविधि विभागबाट स्वीकृती लिई पालिकाले आवश्यक सफ्टवेयर खरिद गर्नुपर्ने भनी लेखा समितिको निर्णय नं.३ अनुसार महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं. ५.२.१५</u> माथि छलफल गर्दा लेखा समितिको मिति २०८३/०२/२२ गते को सिफारिस अनुसार यस नगरपालिका स्थापना कालदेखि नै शैक्षिक गुणस्तर सुधारको निम्ति तथा केही नयाँ विद्यालयहरु स्थापनाको लागि समुदायस्तरबाट नगरपालिकाको केही प्रतिशत व्यहोर्ने गरी शिक्षक व्यवस्थापन गर्रिदै आएको र नगरपालिकाले अनुदान उपलब्ध (शिक्षकहरुको तलब) नगराउँदा केही विद्यालयहरु शिक्षक अभावमा बन्द नै गर्नुपर्ने अवस्थालाई समेत मध्येनजर गरी गत आ.व. देखि शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक व्यवस्थापन गरिएको र बढी हुने शिक्षकहरुको संख्या कटौती गरी शिक्षकहरुलाई उपलब्ध गराइने तलब भत्तामा हुने खर्चमा समेत कटौती भइसकेको अवस्था रहेको छ ।शिक्षकहरुको तलवभत्तामा खर्च गर्दा सरकारी सम्पतीको कुनै हानी नोक्सानी नभएको ठहर सहित आ.व. २०८१/८२ मा तहाँ कार्यालयबाट खटिएको लेखापरीक्षण टोलीले समेत उक्त शिर्षकमा औल्याईएको अनियमित बेरुजू नलेखिएको हुँदा प्रत्येक आ.व. मा क्रमश खर्च कटौती गर्रिदै स्थायी शिक्षक पदपूर्ती गर्ने तर्फ नगरपालिका प्रतिवद्ध छ। अब देखि समानीकरण अनुदानको रकमबाट मासिक तलवभत्ता भुक्तानी नगरिने प्रतिबद्धता सहित एक पटकको लागि दफा ८० आ.व. २०७७/७८ मा रु. ३०,२४,०००। दफा ६५ आ.व.

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

२०८०/८१ मा रु. ८६,४३,०००। दफा ७६ मा आ.व.२०८१/८२ बेरुजू रकम रु
८,६५,०००। समेत उल्लेखित वर्षहरुमा कायम रहेको वेरुजू सम्परीक्षणका लागि
महालेखापरीक्षकको कार्यालयमा पेश गरी अनुरोध गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं. ५.२.१६</u> माथि छलफल गर्दा आ.व. २०७८/०७९ को दफा ६.३ मा उल्लेखित
महालेखापरीक्षकको कार्यालयबाट पालिकाले रकमान्तर गर्दा पूँजीगत कार्यक्रमबाट चालु
प्रकृतिका स्वीकृत नगरेको कार्यक्रमा खर्च गरेको भनी औंल्याइएको बेरुजू रकम रु.
१,९९,०५०।- आगामी नगर सभाबाट स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७९
रकामान्तर गर्ने सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि लेखा समितिले निर्णय नं.३ अनुसार
आगामी वर्षमा नदोहोरिने प्रतिबद्धता सहित महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका
लागि अनुरोध गर्ने निर्णय गरियो ।
<u>प्रस्ताव नं. ५.२.१७</u> माथि छलफल गर्दा लेखा समितिको मिति २०८३/०२/२२ गते को
सिफारिस अनुसार भौगोलिक रुपमा कटारी नगरपालिकाको क्षेत्रफल ४२४.९ वर्ग कि.मि.
रहेको यस नगरपालिकामा नगरवासीहरुलाई चुस्त दुरुस्त र प्रभावकारी सेवा प्रवाह गर्न करार
वा ज्यालादारीका कर्मचारीहरु विना स्थायी कर्मचारीहरुबाट मात्र सम्भव नभएको हुँदा सो
को निराकरणको लागि यस प्रकृतिका कर्मचारीहरुलाई कामकाजमा लगाईएको र यसरी
कामकाज लगाइएको कर्मचारीहरुलाई खुवाइएको तलव वर्षैपिच्छे बेरुजू आईरहेको
अवस्थालाई समेत मध्येनजर गरी यस नगरपालिकाले कटारी नगरपालिकाको संगठन तथा
व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८१ लाई कार्यपालिकाबाट सशोधन सहित मिति २०८१
साउन २६ गते स्वीकृत भई नगरसभाको अधिवेशनबाट मिति २०८१ साउन २७ गते
अनुमोदन गरी स्वीकृत कर्मचारी दरबन्दी विवरण भन्दा बाहेकका कर्मचारीहरु कटारी
नगरपालिकामा हाल कार्यरत नरहेको साथै करार तथा ज्यालादारीमा कार्यरत कतिपय
कर्मचारीहरु न्यून पारिश्रमिकमा समेत काम गरिरहेको जसले नगरपालिकाको आर्थिक दायित्व
कम पर्न गएको र सरकारी सम्पतीको हानी नोक्सानी नभएको साथै अब उप्रान्त ज्यालादारी
तर्फका कर्मचारीलाई करारमा लिने, दरबन्दी बाहेकका कर्मचारीलाई नियुक्त नगरिने प्रतिबद्धता
समेत व्यक्त गर्दै दफा ९ आ.व. २०७८/७९ को बेरुजू रकम रु. ८१,४२,८६२। दफा
१७ आ.व. २०७९/८० को वेरुजू रकम रु. ३६,६५,३५७। दफा १८ आ.व.
२०८०/८१ को बेरुजू रकम रु. ५६,०२,२०३। दफा ८५ आ.व. २०८१/८२ को
बेरुजू रकम रु ५१,७७,५४६। समेत उल्लेखित वर्षहरुमा कायम रहेको वेरुजू
सम्परीक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा पेश गरी अनुरोध गर्ने निर्णय गरियो ।

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

**प्रस्ताव नं. ५.२.१८** माथि छलफल गर्दा आ.व. २०७९/८० को दफा ६८ मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट नगरपालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्थालाई कार्यक्रम र प्रस्तावको आधारमा रकम उपलब्ध गराएको भनी औंल्याईएको रकम रु. १०,८९,९९८।— लेखा समितिको निर्णय नं.३ अनुसार आगामी वर्षमा नदोहोरिने प्रतिबद्धता सहित महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.२.१९** माथि छलफल गर्दा आ.व. २०७९/८० को दफा ८३ मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट नगरपालिकाले सामुदायिक विद्यालयहरुमा १ जना विद्यालय कर्मचारी, १ जना कार्यालय सहयोगी र १ जना प्रारम्भिक बाल विकास सहजकर्ता को व्यवस्था भएकोमा सो भन्दा बढी जनशक्ति कार्यरत देखिएको भनी औंल्याईएको रकम रु. ९,५४,०००।- प्रारम्भिक बालविकास केन्द्र संचालन सम्बन्धी निर्देशिका २०६१ को नियम ५ को व्यवस्थाको आधार लिई उक्त रकम खर्च गरिएको र सरकारी सम्पतीको हानी नोक्सानी नभएको हुँदा लेखा समितिको निर्णय नं.३ अनुसार महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.२.२०** माथि छलफल गर्दा लेखा समितिको मिति २०८२/०९/०८ गते को सिफारिस अनुसार आ.व. २०८२/८३ मिति २०८२/१०/२९ को नगरप्रमुख स्तरीय निर्णयानुसार त्रिवेणी मा.वि. कटारीमा उक्त दरबन्दीमा रहेका श्री सूर्य बहादुर कार्कीको काज फिर्ता गरिसकिएको हुँदा दफा ६८ आ.व. २०८०/८१ को बेरुजू रकम रु. ५,१९,९५७। दफा ७७.८ आ.व. २०८१/८२ बेरुजू रकम रु. ६,०१,१३४। समेत उल्लेखित वर्षहरुमा कायम रहेको वेरुजू सम्परीक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा पेश गरी अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.२.२१** माथि छलफल गर्दा लेखा समितिको मिति २०८३/०२/२२ गते को सिफारिस अनुसार आगामी दिनमा यस्ता खर्च न्युनीकरणमा ध्यान दिने प्रतिबद्धता सहित दफा ७५ आ.व. २०८०/८१ को बेरुजू रकम रु. ७,४९,८२०।दफा ४८ आ.व. २०८१/८२ को बेरुजू रकम रु. ७,६०,७०६। समेत उल्लेखित वर्षहरुमा कायम रहेको वेरुजू सम्परीक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा पेश गरी अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.२.२२** माथि छलफल गर्दा लेखा समितिको मिति २०८३/०२/२२ गते को सिफारिस अनुसार आ.व. २०८२/८३ बाट मन्त्री परिषदको निर्णयानुसार उक्त पदका

स्वकीय सचिव हटाईएको र कानूनी सल्लाहकारलाई हटाई सेवा परामर्श मार्फत कानूनी परामर्श लिईएकोले दफा ५९ आ.व. २०७७/७८ को बेरुजू रकम रु.२,३४,०००। दफा ३५ आ.व.२०७८/७९ को बेरुजू रकम रु.२,२४,०००। दफा ४९ आ.व.२०७९/८० को बेरुजू कायम रकम रु. ४,६१,४९०।दफा १९ आ.व. २०८०/८१ को बेरुजू रकम रु.६,८५,४९०। दफा ४३ आ.व. २०८१/८२ को बेरुजू रकम रु. ७,४०,५२५ । समेत उल्लेखित वर्षहरुमा कायम रहेको वेरुजू सम्परीक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा पेश गरी अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.२.२३** माथि छलफल गर्दा आ.व. २०८१/८२ को दफा ६७ मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट उपभोक्ता समिति मार्फत सामग्री खरिद गरिएको भनी औल्याईएको अनियमित बेरुजु रकम रु. १,००,०००। अब उप्रान्त नगरपालिकाले यस्तो प्रकृतिको योजना कार्यान्वयन गर्दा उपभोक्ता समिति मार्फत नगरी नगरपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्ने प्रतिबद्धता सहित लेखा समितिको निर्णय नं.३ अनुसार महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.२.२४** माथि छलफल गर्दा आ.व. २०८१/८२ को दफा ७७.११ मा उल्लेखित महालेखापरीक्षकको कार्यालयबाट विद्यालयलाई स्यानिटरी प्याड खरिद विलको आधारमा भुक्तानी दिइएको भनी औंल्याएको अनियमित बेरुजु रकम रु १२२४७६०। आगामि वर्षमा नदोहोरिने प्रतिबद्धता सहित आ.व. २०८२/८३ मा ठेक्का प्रकृया मार्फत मात्र खरिद गरिएको हुँदा लेखा समितिको निर्णय नं.३ अनुसार यस्ता प्रकृतिका कार्य गर्दा, ठेक्का प्रकृया मार्फत मात्र खरिद गरिने प्रतिद्धबता सहित महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५.३** माथि छलफल गर्दा आ.व. २०७४/७५ देखि आ.व. २०८१/८२ सम्म महालेखापरीक्षकको कार्यालयबाट औंल्याइएको असुल उपर गर्नुपर्ने बेरुजू सम्बन्धित उपभोत्ता समिति / निर्माण व्यबसायी / सघ सस्था स्वास्थ चौकी / नगर अस्पताल / ब्यक्ति / कर्मचारी /जनप्रतिनिधि / तथा सरोकारवालाबाट असुलउपर भईसकेको बेरुजु लेखा समितिको निर्णय नं.४ अनुसार महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने र सरोकारवाला बाट असुलउपर नहुन आएको बेरुजुको सम्बन्धमा सरोकारवालालाई पुन पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५.४** माथि छलफल गर्दा आ.व. २०७४/७५ देखि आ.व. २०८०/८१ सम्म महालेखापरीक्षकको कार्यालयबाट औंल्याइएको प्रमाण पेश गर्नुपर्ने बेरुजू सम्बन्धित उपभोत्ता समिति/निर्माण व्यबसायी/संघ संस्था स्वास्थ चौकी/ब्यक्ति/कर्मचारी तथा सरोकारवालाहरुको

नाममा औंल्याइएको प्रमाण पेश गर्नुपर्ने बेरुजु सम्बधित सरोकारवाला बाट प्रमाण पेश गरी बेरुजु फर्छ्योटका लागी पत्रचार गर्ने र सरोकारवाला बाट प्रमाण सहित पेश भएका कागजजातका आधारमा लेखा समितिको निर्णय नं.५ अनुसार महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५.५** माथि छलफल गर्दा आ.व. २०७४/७५ देखि आ.व. २०८१/८२ सम्म महालेखापरीक्षकको कार्यालयबाट औंल्याइएको पेश्की बेरुजू सम्बन्धित उपभोक्ता समिति/ निर्माण व्यबसायी/संघ संस्था स्वास्थ चौकी/ब्यक्ति/कर्मचारी तथा सरोकारवालाहरुको नाममा औंल्याइएको पेश्की बेरुजु सम्बधित सरोकारवाला बाट पेश्की फर्छ्यौटका लागी पत्रचार गर्ने र पेश्की फर्छ्यौंटका लागि पेश भएका कागजातका आधारमा महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

*निर्णय नं. ०६:-* **प्रस्तावित विषय नं. ०६** माथि छलफल गर्दा यस नगरपालिकामा प्राप्त हुन आएका संघीय सशर्त अनुदान,प्रदेश सशर्तअनुदान, संघीय समानीकरण अनुदान, प्रदेश समानीकरण अनुदान, संघीय समपुरक अनुदान,प्रदेश समपुरकअनुदान, संघीय विशेष अनुदान, प्रदेश विशेष अनुदान,राजश्व बाँडफाडबाट प्राप्त हुने रकम, प्रदेश सवारी करबाट प्राप्त हुने रकम र अन्य विभिन्न निकायका स्रोतबाट आ.व. २०८२/०८३ मा योजना तथा कार्यक्रममा भएका सम्पूर्ण खर्चहरु एवं सिर्जना भएका दायित्वहरु प्रचलित कानून बमोजिम भएको हुँदा सर्वसम्मतिको आधारमा अनुमोदन गरी पारित गरियो ।

<u>तपसिलः</u>

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

विविध तर्फः

*निर्णय नं. १:-* चालु आ.व. २०८२/०८३ को प्रारम्भ देखि विभिन्न समयमा कटारी नगरपालिकामा आवश्यकता अनुसार सिर्जित परिवेशहरू तथा विभिन्न समयमा भएका नगर कार्यपालिकाका निर्णयहरू न्यायिक समितिका निर्णयहरू, विषयगत समितिका निर्णयहरू, शिक्षा समितिका निर्णयहरू, तोक/टिप्पणी आदेश, खरिद इकाई, बोलपत्र मूल्यांकन समितिबाट भएका सम्पूर्ण निर्णय एवं प्रतिवेदनहरू सर्वसम्मतले अनुमोदन तथा स्वीकृत गर्ने निर्णय गरियो ।

*निर्णय नं. २:-* चालु आर्थिक वर्ष २०८२/०८३ का सम्पूर्ण आय तथा व्यय र कार्यान्वयन भई सम्पन्न भएका योजना तथा कार्यक्रमहरूका भुक्तानी सहितका सम्पूर्ण खर्चहरू अनुमोदन तथा सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

*निर्णय नं. ३:-* चालु आर्थिक वर्ष २०८२/०८३ मा विभिन्न मितिमा नगरकार्यपालिकाको निर्णयबाट संशोधन तथा रकामान्तर भई कार्यान्वयन भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरू अनुमोदन तथा सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

*निर्णय नं. ४:-* यस नगरपालिकामा विगत वर्षदेखि अविछिन्न रूपमा करार सेवामा कार्यरत कर्मचारीहरूको सेवा निरन्तर गर्ने सम्बन्धमा नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

*निर्णय नं. ५:-* नगरपालिका भित्रका विपद्जन्य घटनाहरु बाढी पहिरो नियन्त्रण सम्बन्धी कार्य, राहत व्यवस्थापन लगायतका तत्कालिन विपद्का कार्यमा कार्यपालिकाबाट निर्णय भई गरिएका सबै खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

*निर्णय नं. ६:-* कटारी नगरपालिका भित्र संचालित अनुसूचिमा उल्लेखित विभिन्न गैरसरकारी संस्थाहरुबाट पेश भएको आ. व. २०८३/८४ को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

*निर्णय नं. ७:-* महालेखापरीक्षकको कार्यालयबाट भएको यस नगरपालिकाको आ. व. २०८१/८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका असुल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नुपर्ने पेश्की र अन्य सैद्धान्तिक बेरुजुहरु उपर दफाबार छलफल गरी असुली, नियमित र फछ्यौंट गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

*निर्णय नं.८:-* स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत प्रचलित कानुन बमोजिम न्यायिक समितिबाट आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरिएका कार्यहरूको विवरण समेटिएको

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

न्यायिक समितिको वार्षिक प्रतिवेदन माथि नगर सभामा छलफल भई उक्त प्रतिवेदनलाई अनुमोदन गर्ने तथा प्रतिवेदनमा उल्लेख भएका सुझाव एवं सिफारिसहरूलाई आगामी कार्यसम्पादनमा आवश्यकतानुसार कार्यान्वयन ~~गर्दै न्यायिक समितिको~~ गरी सर्वसम्मतिबाट निर्णय गरियो ।

*निर्णय नं. ९:-* माथि छलफल गर्दा कटारी नगरपालिका नगर कार्यपालिकामा करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई नेपाल सरकारले निर्धारण गरेको मापदण्ड तथा प्रचलित कानुनी व्यवस्था बमोजिम सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

*निर्णय नं. १०:-* विशेष काम वा जिम्मेवारी, बजेट तर्जुमा तथा नगरसभा जस्ता गहन जिम्मेवारी सम्पादनका क्रममा कार्यरत कर्मचारीहरुको उत्प्रेरणा र मनोवल उच्च बनाउदै थप जिम्मेवारी निर्धारित समयमा सम्पन्न गर्ने वातावरण बनाउन नगरपालिकाको उपलब्ध स्रोतबाट मौद्रिक तथा गैरमौद्रिक सुविधा व्यवस्थापन गर्ने सम्पूर्ण अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने सर्वसममतिमा निर्णय गरियो ।

*निर्णय नं. ११:-* माथि छलफल गर्दा यस कटारी नगरपालिकाको सत्रौ नगरसभा सु-सम्पन्न भएकोले सहयोग गर्नुहुने सम्पूर्ण सभा सदस्यहरु, कर्मचारीहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, बुद्धिजिवी, समाजसेवी, सञ्चारकर्मी तथा सरोकारवाहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछौ ।